नेरेसो
# रेडक्रस
समाचारप्रधान मासिक पत्रिका

वर्ष ५५, अंक ४ | २०८० मंसिर | Nov./Dec. 2023

# जाजरकोट भूकम्प प्रतिकार्यका सम्बन्धमा पत्रकार सम्मेलन सम्पन्न





काठमाडौं, मंसिर १९ गते । नेपाल रेडक्रस सोसाइटी र रेडक्रसको अन्तर्राष्ट्रिय महासंघ (आईएफआरसी) ले जाजरकोट भूकम्प प्रतिकार्यका सम्बन्धमा काठमाडौंमा पत्रकार भेटघाट कार्यक्रमको आयोजना गरेको छ ।

नेपाल रेडक्रस सोसाइटीद्वारा जाजरकोट भूकम्पबाट प्रभावितहरूका लागि गत एक महिनामा गरिएका प्रतिकार्यका गतिविधिहरू, स्रोतको अवस्था र आवश्यकता, चुनौती र भावी कार्य योजनाहरूका बारेमा जानकारी गराउने उद्देश्यले पत्रकार सम्मेलनको आयोजना गरिएको थियो ।

सो कार्यक्रममा विभिन्न राष्ट्रिय दैनिक पत्रिका, टेलिभिजन, एफएम रेडियो, अनलाइन पत्रिका गरी २० भन्दा बढी सञ्चार माध्यमका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी विपद् व्यवस्थापन विभागका निर्देशक सागर श्रेष्ठले जाजरकोट र रुकुम पश्चिममा गएको भूकम्पपश्चात् रेडक्रसले गरेका गतिविधिहरूका बारेमा प्रस्तुतीकरण गर्दै हालसम्म प्रभावित परिवारहरूलाई ३ हजार ९ सय ७० थान त्रिपाल, २ हजार ७ सय ८० थान कम्बल, २ हजार ८ सय थान म्याट्रेस, ७ हजार ४ सय १५ थान डिगनिटी कीट र १ सय ३२ थान हाइजीन कीट वितरण गरिएको बताउनुभयो । यस्तै भूकम्प प्रभावित जिल्लाहरूमा खोज तथा उद्धार, राहत, बिस्तृत लेखाजोखाको सर्भेक्षणलगायतका कार्यका लागि नेपाल रेडक्रसका ३ सय ९० जना स्वयंसेवकहरू परिचालन गरिएको पनि उहाँले जानकारी गराउनुभयो ।

नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष प्रा. सुदर्शनप्रसाद नेपालले सरकारको सहयोगी निकायको रूपमा भूकम्प प्रभावित समुदायलाई निष्पक्ष, तटस्थ र पारदर्शीरूपमा सेवा पुऱ्याउन रेडक्रस तत्पर रहेको बताउँदै भूकम्प प्रतिकार्य कार्यक्रमलाई प्रभावकारी बनाउन सञ्चार माध्यमको सहयोग महत्वपूर्ण रहेको बताउनुभयो ।

रेडक्रसको अन्तर्राष्ट्रिय महासंघ (आईएफआरसी) का नेपाल प्रमुख अजमद् उल्लाले भूकम्प प्रभावितहरूको सहयोगका लागि महासंघ र यसअन्तर्गतका साझेदार राष्ट्रिय सोसाइटीहरू नेपाल

(बाँकी पृष्ठ २ मा)

# चीनिया दूतावासद्वारा भूकम्प प्रभावितका लागि सहयोग




काठमाडौं, मंसिर १ गते । जनवादी गणतन्त्र चीनको नेपालस्थित दूतावासले जाजरकोट भूकम्पबाट प्रभावितहरूको सहयोगार्थ १ लाख अमेरिकी डलर उपलब्ध गराएको छ ।

जनवादी गणतन्त्र चीनका महामहिम राजदूत चेन सङ (Chen Song) ले उक्त रकमको चेक नेपाल रेडक्रस सोसाइटीका कार्यवाहक अध्यक्ष सुरेन्द्र सिंह ऐरलाई काठमाडौंस्थित दूतावासमा आयोजित एक कार्यक्रमका बीच हस्तान्तरण गर्नुभएको हो ।

सो कार्यक्रममा बोल्दै महामहिम राजदूत चेन सङले भन्नुभयो -"नेपाल र चीन असल छिमेकी भएको कारण एउटालाई दुःख पर्दा अर्कोले सहयोग गर्ने परम्परा छ । हामी क्षतिको बिस्तृत विवरण प्राप्त भएपछि नेपाल सरकार र प्रदेश सरकारलाई थप सहयोग उपलब्ध गराउनेछौं ।"

नेपाल रेडक्रस सोसाइटीका कार्यवाहक अध्यक्ष ऐरले सहयोगप्रति आभार प्रकट गर्दै नेपाल रेडक्रस सोसाइटीले भूकम्पको लगतै तत्काल सहयोग शुरु गरेको र प्राप्त रकम भूकम्प प्रभावितहरूको सहयोगमा उपयोग गरिने बताउनुभयो ।

कार्यक्रममा कार्यकारी निर्देशक उमेशप्रसाद ढकालले भूकम्पपश्चात तत्काल उद्धारका साथै क्षतिको विवरण सङ्कलन र राहत वितरणमा नेपाल रेडक्रस सोसाइटीबाट भइरहेका गतिविधिहरूका बारेमा जानकारी गराउनुभएको थियो ।

चेक हस्तान्तरण कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीका कार्यवाहक महामन्त्री मनोजकुमार थापा, कार्यकारी निर्देशक उमेशप्रसाद ढकाल, विपद् व्यवस्थापन विभागका निर्देशक सागर श्रेष्ठ, सामान्य प्रशासन विभागका निर्देशक दिव्यराज पौडेल, आर्थिक प्रशासन विभागका बरिष्ठ लेखा अधिकृत पत्रुश राई र चिनिया प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

# सम्पादकीय

## आवास निर्माण कार्यमा जोड दिऔं

जाजरकोटको लामीडाँडा केन्द्रविन्दु बनाई गएको ६.४ रेक्टर स्केलको विनाशकारी भूकम्पले जाजरकोट, रूकुम पश्चिम र सल्यान लगायतका जिल्लामा निकै धनजनको क्षति पुऱ्यायो। यस भूकम्पको प्रभावले मानवीयलगायत ठूलो भौतिक क्षति पुऱ्याई जनजीवननै अस्तव्यस्त बनाएको छ। यस लगत्तै नेपाल रेडक्रस सोसाइटीले आफ्ना स्वयंसेवक तथा कर्मचारीहरू परिचालन गरी आवश्यक मानवीय सहायता प्रदान गरेको थियो। प्रभावको अवस्थालाई मध्यनजर गरी तत्कालै उद्धारको साथै राहत प्रदान गर्ने कार्यमा नेपाल रेडक्रस सोसाइटीका स्वयंसेवकको कार्य निकै प्रशंसनीय छ।

जाजरकोट केन्द्रविन्दु बनाई गएको भूकम्प पनि लामो समय भइसकेको अवस्था र हाल चिसो मौसमले छोपी सकेकोले तत्कालका लागि निर्माण गरिएको अस्थायी आवास त्यति प्रभावकारी नहुन सक्छ। कर्णालीका पहाडी जिल्ला त्यसै पनि निकै चिसो हुने भएकाले उपयुक्त वासस्थान निर्माणमा सबैको ध्यान जानु आवश्यक छ। पहाडी क्षेत्रमा हिमपात हुने सम्भावना पनि उत्तिकै भएकाले विशेषगरी गर्भवती, बालबालिका र जेष्ठ नागरिकको सुरक्षाका लागि उपयुक्त अस्थायी आवास निर्माणमा सम्बन्धित सबैको ध्यान जानु आवश्यक देखिन्छ।

नेपाल रेडक्रस सोसाइटीले दक्ष स्वयंसेवक परिचालन गरी अस्थायी आवास निर्माण कार्यमा समुदायमा सेवा पुऱ्याउनु आवश्यक छ। हाल नेपाल रेडक्रस सोसाइटीले प्रदान गर्दै आएको नगद सहयोगसहित आवास निर्माणका लागि उपयुक्त कदम चाली आवश्यकताका आधारमा सहयोग पुऱ्याउने कार्यमा अग्रसर हुनु आजको पहिलो आवश्यकता हो। नेपाल रेडक्रस सोसाइटीले आफ्ना दक्ष एवं तालिम प्राप्त स्वयंसेवकहरू परिचालन गरी आवास निर्माणमा गति दिनु नै भूकम्प प्रभावित समुदायको पीडामा मल्हम लगाउनु हो। यसैगरी नेपाल रेडक्रस सोसाइटीले प्रभावित समुदायका लागि प्राप्त सहायता यथासक्य छिटो समुदायमा पुऱ्याई सहायता प्रदान गरिएको पूर्ण अनुभूत गराउन सक्नु पर्दछ। यसबाट मात्र समुदायमा रेडक्रस हुनुको अर्थ पूर्ण हुन्छ।

नेपाल रेडक्रस सोसाइटीको प्रदेश शाखाको समन्वय तथा सहकार्यमा जिल्ला शाखाहरूले स्थानीय स्तरमा कार्य सञ्चालन गरी आवास निर्माण कार्यलाई द्रुतता दिन सक्छन्। यसका साथै उपशाखा र युवा तथा जुनियर सर्कलहरूले सचेतनाका गतिविधिहरूमा संलग्न हुँदा समुदायमा आइपर्न सक्ने थप जटिलता कम हुन सक्छन्। नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयले संघीय सरकार एवं रेडक्रसको अन्तर्राष्ट्रिय निकायहरूसँग थप छलफल तथा समन्वय गरी नीतिगत तहमा सहजता ल्याउन प्रयत्न गर्नु पर्दछ। यसबाट स्थानीय स्तरमा कार्य सञ्चालन गर्न सहज वातावरण सिर्जना हुनेछ।

अन्तमा, कर्णाली भूकम्प प्रभावित समुदायको सुरक्षित आवासका लागि हामी सबैले आ-आफ्नो क्षेत्रबाट आवश्यक सहयोग गर्नु आवश्यक छ। भौगोलिक अवस्था र मौसमी अवस्थालाई ध्यानमा राखी सबै सरोकारवाला निकायहरूले स्थायी आवश्यकताको सम्बोधन गर्न उपयुक्त कदम चाल्नु नै आजको पहिलो प्राथमिकता हो। यसर्थ: भूकम्प प्रभावितका लागि उपयुक्त आवास निर्माणमा सबैले हातेमालो गरौं।

प्रधान सम्पादक : भूपतिलाल श्रेष्ठ
कार्यकारी सम्पादक : बिपुल न्यौपाने
सहायक सम्पादक : नरेन्द्र श्रेष्ठ

(पृष्ठ १ को बाँकी)

## जाजरकोट ...

रेडक्रस सोसाइटीको साथमा रहेको बताउनुभयो। भूकम्प प्रभावित क्षेत्रहरूमा अन्य सहयोगका साथै मानसिक स्वास्थ्य र मनोसामाजिक सहयोग अझ महत्वपूर्ण रहेको उहाँले बताउनुभयो।



नेपाल रेडक्रस सोसाइटीका महामन्त्री भूपतिलाल श्रेष्ठले नेपाल रेडक्रसले आफ्नो स्रोत र क्षमता अनुसार भूकम्प प्रभावितलाई सक्दो सहयोग पुऱ्याउने बताउँदै जीविकोपार्जन, खानेपानी, सरसफाइ र आवास निर्माणका क्षेत्रमा काम गर्ने बताउनुभयो। पत्रकारहरूको जिज्ञासालाई सम्बोधन गर्दै नेपाल रेडक्रस सोसाइटी केन्द्रीय विपद् व्यवस्थापन समितिका संयोजक विनोदकुमार बस्नेतले सरकारका स्थानीय तहसँगको समन्वयमा भूकम्प प्रतिकार्यका गतिविधिहरू सञ्चालन भइरहेको बताउनुभयो।

नेपाल रेडक्रस सोसाइटीका उपाध्यक्ष राधा नेपाली, कोषाध्यक्ष बीर बहादुर बस्नेत, उपमहामन्त्री मनोजकुमार थापा, केन्द्रीय सदस्यहरू, रेडक्रसको अन्तर्राष्ट्रिय महासंघ र साझेदार राष्ट्रिय सोसाइटीका प्रतिनिधिहरू तथा नेपाल रेडक्रसका उच्च पदस्थ कर्मचारीहरूको उपस्थिति रहेको सो पत्रकार भेटघाट कार्यक्रम नेपाल रेडक्रस सोसाइटी मानवीय मूल्य तथा सञ्चार विभागका निर्देशक विपुल न्यौपानेले सञ्चालन गर्नुभएको थियो।

## एशिया प्रशान्त क्षेत्रीय सम्मेलन

११ औं एशिया प्रशान्त क्षेत्रीय सम्मेलन भियतनाममा सम्पन्न भएको छ। नोभेम्बर २१-२३ तारिखसम्म सञ्चालन भएको सो सम्मलेनमा विपद्का क्षेत्रमा राष्ट्रिय सोसाइटीहरूको अनुभव आदानप्रदान, सम्भावित विपद्हरूको पूर्वतयारी र विपद्का समयमा गर्नुपर्ने कार्यहरू, जलवायु परिवर्तनको प्रभाव कम गर्नका लागि गरिने प्रयास, रेडक्रस अभियानबाट सञ्चालित गतिविधिहरूको दिगोपना, सर्वस्वीकार्य र विश्वसनीय, छवि निर्माणमा रेडक्रस अभियानका अंगहरू बीचको प्रभावकारी समन्वयलगायतका विषयमा छलफल भएको थियो।

सम्मेलनमा नेपाल रेडक्रस सोसाइटीको तर्फबाट अध्यक्ष प्रा.सुदर्शनप्रसाद नेपाल, कोषाध्यक्ष बीरवहादुर वस्नेत र कार्यकारी निर्देशक उमेशप्रसाद ढकाल सहभागी हुनुभएको थियो।




● लड्नु तिम्रो असफलता होइन,तिम्रो असफलता लडेपछि फेरि नउठ्नु हो। — अब्राहम लिंकन

# रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासंघको विशेष महाधिवेशन जेनेभामा सम्पन्न

विश्वको सबैभन्दा ठूलो मानवीय सञ्जाल भएको संस्था रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासंघ (फेडेरेशन) को विशेष महाधिवेशन मङ्सिर २५ गते स्विट्जरल्याण्डको जेनेभामा सम्पन्न भएको छ ।

यस विशेष महाधिवेशनले अमेरिकन रेडक्रसका केट फोर्बस् (Kate Forbes) लाई अध्यक्ष निर्वाचित गरेको छ । विश्वभरका १९१ सदस्य राष्ट्र भएको महासंघको अध्यक्षमा अमेरिकन रेडक्रसका केट फोर्बस् निर्वाचित हुनुभएको हो ।

महासंघको विशेष महाधिवेशनमा नेपाल रेडक्रस सोसाइटी (नेरेसो) को प्रतिनिधित्व गर्दै सोसाइटीका अध्यक्ष प्रा. सुदर्शनप्रसाद नेपाल र महामन्त्री भूपतिलाल श्रेष्ठ सहभागी हुनु भएको थियो । नेरेसोका अध्यक्ष र महामन्त्रीले फेडेरेशनका नवनियुक्त अध्यक्षलाई बधाई तथा शुभकामना दिदैं नेपाललगायत विश्वका विकासोन्मुख देशहरूका राष्ट्रिय सोसाइटी सबलीकरणका लागि विशेष कार्यनीति अपनाउन अनुरोध गर्नुभयो । प्रतिउत्तरमा नवनियुक्त अध्यक्ष फोर्ब्सले विपद् व्यवस्थापन, जलवायु परिवर्तनलगायतका विषयहरू आफ्नो प्राथमिकताका क्षेत्र भएकाले यी विषयमा नविन कार्यको थालनी गर्दै विश्व मानव समुदायका लागि काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको विशेष महाधिवेशनमा सहभागिताका साथै नेरेसोका अध्यक्ष र महामन्त्रीले विश्वका विभिन्न देशहरूका नेतृत्वलगायत अन्य दातृ निकायहरूसँग समेत आगामी दिनहरूमा नेरेसोसँग मानवीय सेवा एवं विकासका गतिविधिहरूमा हुनसक्ने साझेदारीका सम्बन्धमा छलफल भएको थियो ।

**हार्दिक बधाई**



**श्री केट फोर्ब्स (Kate Forbes)**
विश्वको सबैभन्दा ठूलो मानवतावादी संगठन रेडक्रस तथा रेडक्रिसेण्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासंघ (फेडेरेशन) को **अध्यक्ष**जस्तो गरिमामय पदमा निर्वाचित हुनुभएकोमा सगौरव **हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना** व्यक्त गर्दछौं ।

Nepal Red Cross Society






## महिला हिंसा बिरुद्धको १६ दिने अभियान

**वाग्लुङ**को काठेखोला गाउँपालिका स्तरीय महिला समन्वय समितिको आयोजनामा "लैङ्गिक हिंसा अन्त्यको सुनिश्चिताः महिला र वालवालिकामा लगानीको ऐक्यवद्धता" भन्ने नाराका साथ महिला हिंसा बिरूद्धको १६ दिने अभियान मैनबत्ति बालेर उद्घाटन गरिएको छ । गाउँपालिकाका अध्यक्षको प्रमुख आतिथ्यता रहेको सो कार्यक्रम महिला समन्वय समितिका संयोजक सुन्तली वि.क. को अध्यक्षतामा सञ्चालन गरिएको थियो ।

स्थानीय निकायका प्रमुख एवं प्रतिनिधि, रेडक्रसका पदाधिकारी, स्वयंसेवक एवं कर्मचारी र विद्यार्थी र समुदायका प्रतिनिधिहरूको उपस्थिति रहेको सो कार्यक्रममा १६ दिने अभियानको क्रममा समुदाय स्तरमा, वडा स्तरमा जागरूकता अभियान, अभिमुखीकरण कार्यक्रमहरू गरी सम्पन्न गरिने प्रतिवद्धता जनाइएको नेपाल रेडक्रस सोसाइटी वाग्लुङ जिल्ला शाखाले जनाएको छ ।

कास्की । लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियानका अवसरमा नेपाल रेडक्रस सोसाइटी **कास्की** जिल्ला शाखा र सिविन नेपालले संयुक्त रूपमा लैङ्गिक हिंसा विरुद्धको अभिमुखीकरण कार्यक्रम गरेका छन् ।

काठमाडौं । मंसिर २४ गते लैङ्गिक हिंसा विरूद्धको अभियानको अन्तिम दिन नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय कार्यालयमा हस्ताक्षरसहित एक कार्यक्रमको आयोजना गरी १६ दिने अभियानको समापन गरिएको छ ।

नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय लैङ्गिक तथा समावेशीकरण समितिका संयोजक भगवती शर्माको उपस्थितिमा सम्पन्न सो कार्यक्रममा कार्यकारी निर्देशक उमेशप्रसाद ढकालसहित केन्द्रीय कार्यालयका कर्मचारीहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा बोल्दै कार्यकारी निर्देशक उमेशप्रसाद ढकालले नेपाल रेडक्रस सोसाइटीले शुरुका दिनदेखि विभिन्न चेतनामूलक कार्यक्रमहरूको आयोजना गरी लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियानमा सक्रिय रूपमा सहभागी भई ऐक्यवद्धता जनाउँदै आएको बताउनुभयो ।

१६ दिने अभियानका क्रममा नेपाल रेडक्रस सोसाइटीका जिल्ला शाखा, उपशाखा, जनियर युवा सर्कलहरूबाट लैङ्गिक हिंसा विरूद्धका विविध चेतनामूलक गतिविधिहरूको आयोजना गरिएको थियो ।

# भूकम्प प्रतिकार्यसम्बन्धी गतिविधिहरु

## इआरटी सदस्यहरुद्वारा फिल्ड प्रतिवेदन प्रस्तुत

मंसिर १८ गते । नेपाल रेडक्रस सोसाइटीद्वारा भूकम्प प्रभावित क्षेत्रमा परिचालित आपत्कालीन प्रतिकार्य समूह (इआरटी) का सदस्यहरूले फिल्डमा भएका गतिविधिहरूको क्षेत्रगत रूपमा प्रतिवेदन प्रस्तुत गर्नुभएको छ ।

केन्द्रीय कार्यालयमा आयोजित सो कार्यक्रममा रेडक्रसको अन्तर्राष्ट्रिय महासंघका भूकम्प प्रतिकार्य कार्यक्रम अपरेशन म्यानेजर सिमोन फ्रेडिक, नेपाल रेडक्रस सोसाइटीका बिभागीय निर्देशकहरू र इआरटी सदस्यहरूको सहभागिता रहेको थियो। सो कार्यक्रममा भूकम्प प्रभावित जाजरकोट, रूकुम, बभाङ र बाजुरा जिल्लामा खानेपानी, सरसफाइ तथा स्वच्छता, अस्थायी आवास, लैङ्गिक समानता तथा समावेशीकरण र सामुदायिक संलग्नता तथा जवाफदेहिताका क्षेत्रमा भएका गतिविधिहरू, सुधार गर्नुपर्ने पक्ष र चुनौतीहरूका बारेमा जानकारी गराइएको थियो ।

## मनोसामाजिक सहयोग प्रदान

नेपाल रेडक्रस सोसाइटीले भूकम्प प्रभावितहरूलाई सामान्य जीवनमा फर्कन सहयोग पुऱ्याउने उद्देश्यले प्रभावित जिल्ला जाजरकोट र रूकुम पश्चिममा मनोसामाजिक सहयोग प्रदान गरिरहेको छ । सोसाइटीले ती जिल्लास्थित पालिकाहरूसँगको समन्वयमा ५५ जना स्थानीय स्वयंसेवकलाई दुई दिने मनोसामाजिक प्राथमिक उपचार तालिम सञ्चालन गरी प्रशिक्षित गरेको छ।

प्रशिक्षित स्वयंसेवकहरूले मनोसामाजिक प्राथमिक उपचारका साथै मौसमका कारण जिल्लामा बढ्दै गएको निमोनिया र झाडापखालाका बारेमा स्वास्थ्य सन्देशहरू प्रचारप्रसारमा सहयोग पुऱ्याइरहेका छन् । यी सेवाहरूबाट हालसम्म ९ जना अपाङ्गता भएका व्यक्तिहरूसहित १ हजार ३ सय ६५ व्यक्ति लाभान्वित भएका छन् ।

## स्वयंसेवक परिचालन

डिसेम्बर ५ । अन्तर्राष्ट्रिय स्वयंसेवक दिवस । स्वयंसेवकहरू रेडक्रसका मेरूदण्ड हुन् । जो मानव जीवन बचाउने कार्यमा अहोरात्र खट्ने गर्दछन । बझाङ तथा जाजरकोट केन्द्र विन्दु भएर गएको भूकम्पलगतै देखि खोज तथा उद्धार, राहत वितरण, प्रारम्भिक तथा विस्तृत सर्भेक्षण, मनोसामाजिक सहयोग, सहायता कक्ष सञ्चालनलगायतका कार्यहरूमा दिनरात भूकम्प प्रभावित क्षेत्रमा झण्डै ४ सय स्वयंसेवक तल्लीन छन् । नेपाल रेडक्रस सोसाइटीले रेडक्रस स्वयंसेवकहरूको कामको उच्च प्रशंसाका साथ धन्यवादसहित अन्तर्राष्ट्रिय स्वयंसेवक दिवसको शुभकामना व्यक्त गरेकोछ ।



## ५९ वटा सहायता कक्ष सञ्चालन

नेपाल रेडक्रस सोसाइटीले सरकार, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको अनुरोधमा स्थानीय सरकारसँगको समन्वयमा भूकम्प प्रभावित जिल्लाहरु जाजरकोट, रुकुमपश्चिम र सल्यानमा गरी ५९ वटा सहायता कक्ष सञ्चालन गरेको छ ।

सहायता कक्षबाट नेपाल रेडक्रसका स्वयंसेवकहरूले अस्थायी आवास निर्माणको लागि नगद अनुदान प्रक्रियाका बारेमा जानकारी गराउने, लाभग्राहीले अनुदानका लागि भर्नुपर्ने फाराममा सहजीकरण र प्रमाणीकरणका साथै आवश्यक जानकारीहरू उपलब्ध गराइरहेका छन् ।

सहायता कक्षहरुबाट हालसम्म करिब ९ हजार भूकम्प प्रभावितहरूलाई सेवा प्रदान गरिएको छ ।




जाजरकोटमा सहायता कक्षबाट सेवा प्रदान गर्दै रेडक्रसका स्वयंसेवकहरू ।

# आँखा उपचार सेवा

## २१३ जनाको मोतिबिन्दुको शल्यक्रिया

नुवाकोट जिल्लामा सम्पन्न तीन दिने नि:शुल्क मोतीबिन्दु शल्यक्रिया शिविरमा २१३ जनाको शल्यक्रिया गरिएको छ ।

नेपाल रेडक्रस सोसाइटी **नुवाकोट** जिल्ला शाखा, तिलगंगा आँखा प्रतिष्ठान काठमाडौं र जिल्ला सामुदायिक आँखा केन्द्र नुवाकोटको संयुक्त आयोजनामा मंसिर ४ देखि ६ गतेसम्म नेरेसो नुवाकोटको भवनमा शल्यक्रिया शिविर सञ्चालन भएको थियो ।



## २ हजार ५ सय थान चस्मा हस्तान्तरण

हेल्पिङ ह्यान्ड हेल्थ एजुकेशन इन्टरनेशनल बोल्डर, कोलोराडो संयुक्त राज्य अमेरिकाका अध्यक्ष नारायण श्रेष्ठबाट आँखाका बिरामीहरूको लागि नि:शुल्क चस्मा उपलब्ध गराउनका लागि प्राप्त भएको २ हजार ५ सय थान चश्मा नेपाल रेडक्रस सोसाइटी सिन्धुली जिल्ला शाखालाई एक कार्यक्रमका बीच हस्तान्तरण गरिएको छ ।

अमेरिका निवासी नेपाल रेडक्रस सोसाइटीका विशिष्ट सदस्य नवराज श्रेष्ठमार्फत् प्राप्त उक्त चश्माहरू नेपाल रेडक्रस सोसाइटी सामुदायिक आँखा उपचार केन्द्र सिन्धुलीबाट आयोजना हुने आँखा शिविरहरूमा आवश्यकता हेरी बिरामीहरूलाई उपलब्ध गराइने छ ।



# जुनियर युवा गतिविधि

मोरङ । आधारभूत तीन दिने **Y–Adapt** तालिम पाँचथरको फालेलुङ गाउँपालिकाको प्राङ्बुङमा र मोरङको जहदा गाउँपालिकामा सम्पन्न भएको छ ।

नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयको समन्वय एवं फिनिस रेडक्रसको साझेदारीमा सञ्चालित पूर्वतयारी तथा पूर्वानुमानद्वारा समावेशी विपद् प्रभाव न्यूनीकरण (रेडी)) कार्यक्रम अन्तर्गत तालिमको आयोजना गरिएको हो । तालिममा परियोजना क्षेत्रका विद्यालयका जुनियर युवा रेडक्रस सर्कलका स्वयंसेवक शिक्षक नायक तथा सह-शिक्षक नायक गरी २८ जना युवाहरूको सहभागिता रहेको थियो ।

**Y–Adapt** रेडक्रसको अन्तर्राष्ट्रिय महासंघ अन्तर्गतको जलवायु केन्द्रले विकास गरेको तालिम हो । जसले युवाहरूलाई खेलको माध्यमबाट जलवायु परिवर्तन बारे सचेत गर्दै युवाहरूमार्फत् समुदायलाई जलवायु परिवर्तनसँगसँगै अनुकूल जीवनशैली निर्माण गर्न प्रेरित गर्दछ ।


तालिममार्फत् अनुकुलन योजना तयार गरी जलवायु अनुकूलनका गतिविधिहरू विद्यालय तथा समुदायमा विपद् पूर्वतयारी, पूर्वकार्यका गतिविधिहरू नियमित रूपमा सञ्चालन गरी विपद्का प्रभाव न्यूनीकरण गर्न तथा चेतना अभिवद्धिका लागि सहयोग गरिनेछ । तालिमको सहजीकरण युवा प्रशिक्षक कुशल बस्नेत र शिवानी थापा मगरले गर्नु भएको थियो ।

पर्सा । मंसिर १० गते नेपाल रेडक्रस सोसाइटी पर्सा शाखाको आयोजना तथा सिद्धार्थ माध्यमिक विद्यालय बीरगञ्जको आतिथ्यतामा जिल्ला स्तरीय शिक्षक नायक गोष्ठी सम्पन्न भएको छ ।

सो कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी पर्सा जिल्ला शाखा र मधेश प्रदेश कार्यालयका पदाधिकारी एवं सदस्य र कर्मचारीहरू, बीरगञ्ज नगरपालिकाका प्रमुख एवं प्रतिनिधि र शिक्षक नायकहरू गरी १०५ जनाको सहभागिता रहेको थियो ।

बागलुङ । बागलुङस्थित नेपाल रेडक्रस सोसाइटी युवा सर्कल कालीगण्डकी आवासीय मा.बि.ले विद्यार्थीहरूका लागि दुनाटपरी बनाउने तालिम सञ्चालन गरेको छ । नेपाली समाजमा परम्परागत रूपमा प्रयोग गरिने दुनाटपरी बनाउने सीप युवा पुस्ताले बिर्सँदै गएकोले तालिममार्फत् सीप प्रदान गर्ने उद्देश्यका साथ आयोजित सो तालिममा बिद्यालयका १ सय ५० जना विद्यार्थीहरूको सहभागिता रहेको थियो ।





# विपद् प्रभावितलाई राहत वितरण

ओखलढुङ्गा जिल्लाको मोलुङ गाउँपालिका-२ रामपुरका आगलागी प्रभावितलाई नेपाल रेडक्रस सोसाइटी **ओखलढुङ्गा** जिल्ला शाखा र स्थानीय तहले राहत सामग्री उपलब्ध गराएका छन् ।

नेपाल रेडक्रस सोसाइटी ओखलढुङ्गा जिल्ला शाखाले घटना लगतै आगलागी प्रभावित दुई परिवारलाई त्रिपाल, कम्बल, कपडा, बाल्टी, डोरी र सरसफाइ तथा स्वच्छता सामग्री प्रदान गरेको छ । यस्तै पालिकाका तर्फबाट प्रभावित परिवारलाई एक-एक बोरा चामल, पाँच केजी दालका साथै तेल, नुन र कम्बल वितरण गरेको छ ।

नेपाल रेडक्रस सोसाइटीद्वारा सञ्चालित विपद् व्यस्थापनमा सबलताका लागि सहकार्य परियोजनामार्फत् **बर्दिया र कैलाली**का ४ वटा पालिकामा पूर्वसूचनामा आधारित बाढीसम्वन्धी सात दिने कार्यात्मक कृत्रिम घटना अभ्यास सम्पन्न गरिएको छ ।



बाढीको पूर्वतयारी, प्रतिकार्य र व्यवस्थापनको पूर्वतयारीका रूपमा कृत्रिम घटना अभ्यासको सञ्चालन गरिएको हो । विपद् व्यवस्थापनमा सबलताका लागि सहकार्य परियोजना नेपाल रेडक्रस सोसाइटीद्वारा युरोपियन युनियनको मानवीय सहयोग कार्यक्रम अन्तर्गत डेनिस रेडक्रसको समन्वय र प्राविधिक सहयोगमा सञ्चालन भइरहेको छ ।

लमजुङ । नेपाल रेडक्रस सोसाइटी **लमजुङ** जिल्ला शाखाद्वारा दुधपोखरी गाउँपालिकाका ५ वटा वडामा समुदायको परिस्कृत संकटान्नता तथा क्षमताको विश्लेषण कार्यक्रम सञ्चालन गरी समुदायको वास्तविक समस्या पहिचान गरिएको छ ।

उक्त कार्यक्रम नेपाल रेडक्रस सोसाइटीद्वारा डेनिस रेडक्रसको साझेदारीमा दुधपोखरी गाउँपालिकामा सञ्चालित समावेशी तथा उत्थानशील समुदायका लागि समुदाय सशक्तिकृत कार्यक्रम अन्तर्गत सम्पन्न भएको हो ।

# प्राथमिक उपचार सेवा

नेपाल संबत् ११४४ राष्ट्रिय समारोह समितिद्वारा काठमाडौंमा आयोजित र्‍यालीमा नेपाल रेडक्रस सोसाइटी काठमाडौं जिल्ला शाखा र गणबाहल उपशाखाद्वारा आकस्मिक प्राथमिक उपचार टोलीका साथै एम्बुलेन्स परिचालन गरी सेवा पुऱ्याइएको छ ।

नेपाल रेडक्रस सोसाइटीका स्वयंसेवकहरूले मंसिर ७ गते काठमाडौंको वल्खुमा भएको प्रदर्शनमा घाइते भएका १५ जनालाई प्राथमिक उपचार सेवा पुऱ्याएका छन् । प्रदर्शनका क्रममा हुनसक्ने घट्नालाई लक्षित गरी नेपाल रेडक्रस सोसाइटीका काठमाडौं र भक्तपुर जिल्ला शाखाबाट एम्बुलेन्ससहित चार वटा प्राथमिक उपचार टोलीहरू परिचालित भएका थिए । जसमा ३२ जना स्वयंसेवकहरूको सहभागिता रहेको थियो ।

नेपाल रेडक्रस सोसाइटी **कास्की** जिल्ला शाखाद्वारा शिक्षक नायकहरूका लागि तीन दिने आधारभूत प्राथमिक उपचार प्रशिक्षण लुम्ले कृषि अनुसन्धान केन्द्रको सभाहलमा सम्पन्न भएको छ । आवासीय रूपमा सञ्चालित उक्त कार्यक्रममा कास्की जिल्लाका २४ जना शिक्षक नायकहरूको सहभागिता रहेको थियो ।



# रक्तदान कार्यक्रम सम्पन्न

तिहार लगतै कास्कीको पोखरास्थित इन्टरन्याशनल नेपाल फेलोसीपको स्थापना दिवसको अवसरमा आयोजित रक्तदान कार्यक्रममा ३७ जनाले रक्तदान गर्नुभएको छ ।

मंसिर १९ गते नेपाल रेडक्रस सोसाइटीको प्रादेशिक रक्तसञ्चार सेवा केन्द्र नेपालगञ्जले रक्तदानका लागि संघ-संस्था र व्यक्तिहरूसँग अनुरोध गरेअनुरूप बाँकेका दुई वटा संस्थाले रक्तदान कार्यक्रमको आयोजना गरेका छन् । जनमत अर्धसाप्ताहिक र स्वयंसेवी रक्तदाता समाज बाँकेले आयोजना गरेको कार्यक्रममा ५२ जना तथा वर्माकुर्मी सहयोगी हात बाँकेले आयोजना गरेको कार्यक्रममा ४८ जनाबाट गरी १०० युनिट रगत सङ्कलन भएको छ ।




# व्यवहार परिवर्तन सञ्चार सीप प्रशिक्षण सम्पन्न

नेपाल रेडक्रस सोसाइटी सुदुरपश्चिम प्रदेशका जिल्ला शाखाहरूका लागि चार दिने व्यवहार परिवर्तन सञ्चार सीप प्रशिक्षक तालिम धनगढीमा सम्पन्न भएको छ । उक्त तालिममा सुदुरपश्चिम प्रदेशका ९ वटै जिल्ला शाखाहरू, नेरेसो सुर्खेत आँखा अस्पताल र हुम्ला जिल्ला शाखाबाट गरी २३ जनाको सहभागिता रहेको थियो । उक्त तालिमको उद्घाटन कार्यक्रम कैलाली जिल्ला शाखाका सभापति बासुदेब बिनाडीको अध्यक्षतामा आयोजना गरिएको थियो । तालिम उद्घाटन सत्रमा नेरेसो केन्द्रीय कार्यसमितिका सदस्य तथा **केन्द्रीय मानवीय मूल्य तथा सञ्चार समितिका** संयोजक उत्तम जोशीले मन्तव्य व्यक्त गर्दै यो तालिम प्रदेशको लागि उपयोगी रहने कुरा बताउनुभयो । साथै, सुदुरपश्चिम प्रदेशका अध्यक्ष दिलबहादुर बुढाले तालिमबाट संस्थागत बिकासमा सहयोग पुग्ने बताउनुभयो । सो तालिममा नेरेसो मानवीय मूल्य तथा सञ्चार बिभागका निर्देशक बिपुल न्यौपानेले सबै सहभागीहरूलाई स्वागतका साथै तालिमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो । यस तालिमबाट जिल्ला शाखाहरूमा व्यवहार परिवर्तन सञ्चारका लागि सहजीकरण गर्न सक्ने जनशक्ति विकासमा सहयोग पुग्ने बताउनुभयो । यसबाट शाखाहरूले सञ्चालन गर्ने गतिबिधिहरूमा व्यवहार परिवर्तन सञ्चार मूलप्रवाहीकरण भई संस्थाको समग्र छबि निर्माणमा सहयोग पुग्ने अपेक्षा गरिएको उहाँले बताउनुभयो ।

उक्त तालिमको समापन कार्यक्रम मंसिर २८ गते नेरेसोका उपाध्यक्ष सुरेन्द्र सिंह ऐरको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । सो अवसरमा उहाँले तालिमका सहभागीहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो ।



# लैङ्गिक हिंसा हुन नदिन यसलाई सबैले सामाजिक मुद्धाको रुपमा आत्मसात् गर्नुपर्छ ।

-ममता विष्ट, लैङ्गिक हिसा निवारण सम्पर्क व्यक्ति महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय



लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियान र लैङ्गिक हिंसा अन्त्यका लागि भइरहेका प्रयासका बारेमा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयअन्तर्गतको महिला सशक्तिकरण शाखाका लैङ्गिक हिंसा निवारण सम्पर्क व्यक्ति ममता विष्टसँग नेरेसोका सञ्चार अधिकृत कृष्ण नेपालले गर्नुभएको कुराकानीको सार संक्षेप :

## यस वर्ष लैङ्गिक हिसा विरुद्धको १६ दिने अभियान कसरी मनाइदैछ ?

“लैङ्गिक हिंसा अन्त्यको सुनिश्चतता महिला र बालबालिकामा लगानीको ऐक्यबद्धता” भन्ने मूल नाराका साथ यो अभियान सुरू गरेका छौं । यस अभियानलाई देशव्यापी रूपमा प्रचारप्रसार गरी मनाउनका लागि प्रदेश मन्त्रालय र स्थानीय तहहरूमा पत्राचार गरेका छौं । यसै सन्दर्भमा हामीले महिला तथा बालबालिकासम्बन्धी काम गर्ने विभिन्न संघसंस्थाहरूसँग समन्वय बैठक राखी कसरी यस अभियानलाई प्रभावकारी बनाउन सकिन्छ भनेर सहकार्य गरेका छौं । सबै संघसंस्थाले आ-आफ्नो कार्यक्षेत्र अनुसारका गतिविधिहरूको कार्य योजना तयार गरेर पठाउनु भएको छ । योजनाअनुसार सम्भव भएसम्म सबै प्रदेश मन्त्रालय र स्थानीय तहहरूमा विभिन्न अभियानमुखी कार्यक्रमहरूका साथ लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियान मनाउन गइरहेका छौं ।

## नेपालमा लैङ्गिक हिसासँग सम्बन्धित घटनाहरुको अवस्था कस्तो रहेको छ ?

अहिले नेपालमा लैङ्गिक हिंसासँग सम्बन्धित घटनाहरू दिनानुदिन बढ्दै गइरहेको अवस्था छ । नयाँ प्रविधिको बढ्दो प्रयोगले लैङ्गिक हिंसाका घटनाहरू बढिरहेको देख्न सकिन्छ । सामाजिक सञ्जालको रूपमा प्रयोग हुने फेसबुकमार्फत् चिनजान हुने, लिभिङ टुगेदरमा बस्ने, बिवाह गर्ने र पछि छोड्ने घटनाहरू धेरै देखिएको छ । यस प्रकारको हिंसामा प्रायः किशोरीहरू पर्ने गरेका छन् । यसले बाल बिवाहलाई पनि बढाएको छ । अर्को तर्फ महिलाहरूले मौनतालाई तोडेको अवस्था पनि छ । महिला हिंसा भएमा सहेर मौन बस्ने परम्परालाई तोडेर महिला हिंसा विरूद्ध उजुरी गर्ने प्रचलन बढेकोले पनि पहिलाको तुलनामा अहिले लैङ्गिक हिंसासँग सम्बन्धित घटनाहरू बढेको तथ्याङ्कले देखाउँछ ।

## अहिले नेपालमा भइरहेको लैङ्गिक हिंसाका घटनाका कारणहरु के के हुन सक्छन् ?

हाल नेपालमा भइरहेको लैङ्गिक हिंसासँग सम्बन्धित घटनाहरूको मुख्य कारणको रूपमा सामाजिक मूल्य मान्यताको रूपमा रहेको पितृसत्तात्मक सोच, महिला र पुरूष बीच हुने विभेद र लैङ्गिक असमानतालाई लिन सकिन्छ । अर्को समाजमा परम्परादेखि रहँदै आएको रूढीवादी, कुरूतीहरूले गर्दा पनि लैङ्गिक हिंसाका घटनाहरू बढेका छन् । नेपालमा शैक्षिक स्तरमा सुधार भए पनि पुरुषको तुलनामा महिलालाई हेर्ने फरक दृष्टिकोणमा सकरात्मक परिवर्तन नआएसम्म लैङ्गिक हिंसाका घटनाहरू कम नहुने अवस्था देखिन्छ ।

## लैङ्गिक हिसासँग सम्बन्धित घटनाहरुको रोकथामका लागि के कस्ता प्रयासहरु भइरहेका छन् ?

लैङ्गिक हिंसासँग सम्बन्धित घटनाहरूको रोकथामका लागि थुप्रै प्रयासहरू भइरहेका छन् । संविधानमा लिङ्गको आधारमा विभेद गर्न पाइदैन भनेर उल्लेख गरिएको छ । लैङ्गिक समानता नीति पनि रहेको छ, जसले लैङ्गिक हिंसा शुन्य सहनशीलताका कुराहरूलाई जोड दिएको छ भने पन्धौ योजनाले पनि यस विषयलाई जोड दिएको छ । जिल्लाहरूमा पहिला महिला तथा बालबालिकाको हितको लागि काम गर्ने कार्यालयहरू थिए र ती कार्यालयहरूले मन्त्रालयसँग नियमित रूपमा समन्वय र सहकार्य गर्दै आएकोमा अहिले ती समन्वय र सहकार्यमा ग्याप भएको देखिन्छ । अब हामीले जिल्ला अन्तर्गत पालिका र स्थानीय तहमा रहेका महिला शाखाहरूलाई स्तरोन्नती गरेर ती पालिकाहरूसँग काम गर्नुपर्ने देखिन्छ । कतिपय पालिकाहरूले यो विषयलाई अपनत्व लिएर विभिन्न अभियानमुखी कार्यक्रमहरू गर्दै पनि आइरहेका छन् ।

## लैङ्गिक हिसाका घटना कम गर्न वा हुन नदिन के गर्न सकिन्छ ?

लैङ्गिक हिंसाका घटना हुन नदिनका लागि हामी सबैले लैङ्गिक हिंसालाई सामाजिक मुद्धाको रूपमा आत्मसात् गर्नुपर्दछ । महिला मन्त्रालय अथवा त्यससँग सम्बन्धित संघसंस्थाहरूले मात्रै महिला हिंसाका घटना कम गर्न आवाज उठाएर पुग्दैन । प्रत्येक तहबाट सबै व्यक्तिले आवाज उठाउनु पर्दछ । हिंसा सबैको घरघरमा हुनसक्छ, दुर्व्यवहारमा जो कोही पनि पर्न सकिन्छ । त्यैसैले हिंसा अथवा दुर्व्यवहारको शिकारमा पर्ने व्यक्तिले मात्र नभइकन सबै तहबाट लैङ्गिक हिंसाका विरूद्धमा आवाज उठाइ यसलाई अभियानको रूपमा लिएमा हिंसाका घटनाहरूलाई कम गराउन सकिन्छ ।

## यदि लैङ्गिक हिसाका घटनाहरु भइहालेमा कहाँ सम्पर्क गर्न सकिन्छ ?

लैङ्गिक हिंसाका घटनाहरू भइहाले राष्ट्रिय महिला आयोगको टोल फ्रि नम्बर-११४५, पालिका अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र, नेपाल प्रहरीको- १०० र जिल्ला अन्तर्गतको ओसीएमसीमा सम्पर्क गर्न सकिन्छ । हिंसा कसैले पनि सहेर बस्नु हुँदैन । यदि आफै हिंसाको शिकार भएमा वा कसैलाई हिंसा भएको देखिएमा माथि उल्लिखित नम्बरहरू र सम्बन्धित निकायमा तुरून्त उजुरी गर्न सकिन्छ ।

## भूकम्प लगायतका विपद् तथा महामारीको समयमा लैङ्गिक हिसाका घटनाहरु हुने सम्भावना बढी हुन्छ, यो समयमा सरोकारवाला निकायहरुले कस्ता कुराहरुमा ध्यान दिनुपर्छ ?

सामान्य अवस्थामा भन्दा विपद् तथा महामारीको समयमा लैङ्गिक हिंसाका घटनाहरू हुने सम्भावना बढी नै हुन्छ । विपद्पश्चात् तत्काल लैङ्गिक हिंसाका घटनाहरू नदेखिएता पनि केही समयपश्चात् हिंसाका घटनाहरू भएको देख्न सकिन्छ । किनभने विपद्पश्चात् प्रभावित क्षेत्रमा विभिन्न संघसंस्थाका व्यक्तिहरू राहत वितरणदेखि लिएर सर्वेक्षण गर्न गइरहेका हुन्छन् त्यस्ता व्यक्तिहरूले पनि विपद्बाट प्रभावित व्यक्तिहरूलाई गाँस, बाँस तथा कपासको प्रलोभनहरू देखाएर हिंसा गरिरहेको हुनसक्छ । यस्ता घटनाहरू हुन नदिन सम्बन्धित सरोकारवाला निकायहरूले लैङ्गिक हिंसा विरूद्धको आंचार संहिताहरू लागु गराउनु पर्दछ र स्थानीय निकायका व्यक्तिहरूको निगरानी बढाउनुपर्दछ ।

## हामी कुराकानीको अन्त्यमा छौ, हाम्रा आम पाठकहरुलाई तपाईको मुख्य सन्देश के छ ?

लैङ्गिक हिंसा अन्त्यका लागि हामी सबैको ऐक्यवद्धता जरूरी छ । “आफैबाट सुरू गरौं, लैङ्गिक हिंसा अन्त्य गरौं” भनेर सबैलाई आह्वान पनि गर्न चाहान्छु । हिंसा एउटा असभ्यताको प्रतीक हो, यसलाई अन्त्य गर्न आफैबाट सुरू गरौं भन्न चाहान्छु ।

### बिरामीको लागि रक्तसञ्चार केन्द्रबाट रगत लिइसकेपछि ध्यान दिनुपर्ने कुराहरु:

- रगत लिइसकेपछि नबिसाइकन तुरून्त अस्पताल पुर्‍याउनुहोस् ।
- टाढा लैजानु छ भने आइसबक्स भए आइसबक्स नभए अन्य थर्मसजस्तो भाँडो किन्नु होस् र बरफमा राखेर लैजानुहोस् ।
- अस्पताल पुर्‍याउने बित्तिकै रेफ्रिजरेटरमा राख्न अस्पतालका सम्बन्धित कर्मचारीलाई दिनुहोस् ।
- तपाईले लैजानु भएको रगत तुरून्त प्रयोग नभएमा रक्तसञ्चार केन्द्रमा फिर्ता ल्याउनुहोस् ।
- रगतको झोललाई नथिच्नुहोस्, जहाँ पायो त्यहाँ नराख्नुहोस् ।

**याद गर्नुहोस् रगतमा भएको ब्लड सेल मर्‍यो भने अथवा संक्रमण भयो भने बिरामीलाई खतरा हुनसक्छ ।**

# स्को अन्तर्राष्ट्रिय सम्मेलन सांघाईमा सम्पन्न

मङ्सिर २ गते। चीनको सांघाईमा रेडक्रस सोसाइटी अफ चाइना र स्को विश्वविद्यालयको संयुक्त आयोजना तथा रेडक्रसको अन्तर्राष्ट्रिय एकेडेमी र चाइनिज रेडक्रस फाउण्डेसनले सहआयोजनामा सञ्चालित तेस्रो स्को अन्तर्राष्ट्रिय सम्मेलन जलवायु परिवर्तनसम्बन्धी मुख्य विषयवस्तुमा सम्पन्न भएको छ । यो सम्मेलन विश्वव्यापी जलवायु सम्मेलन एवं अन्तर्राष्ट्रिय मानवीय गतिविधिमा लक्षित थियो। यस सम्मेलनमा नेपाल रेडक्रस सोसाइटीलगायत विश्वभरका अधिकांश राष्ट्रिय सोसाइटीहरू, रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासंघ र रेडक्रसको अन्तर्राष्ट्रिय समितिको समेत सहभागिता रहेको थियो ।

विश्वभरका रेडक्रस तथा रेडक्रिसेन्ट अभियानको नेतृत्व तहको सहभागिता रहेको यस सम्मेलनमा नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष प्रा. सुदर्शनप्रसाद नेपाल र महामन्त्री भूपतिलाल श्रेष्ठ सहभागी हुनु भएको थियो । जलवायु परिवर्तनमा अन्तर्राष्ट्रिय प्रयास स्वरूप विश्वभरका रेडक्रस तथा



रेडक्रिसेन्ट अभियानका अङ्गहरूलगायत अन्य मानवीय सहायता प्रदान गर्ने संस्थाहरू र साझेदारहरू, सम्बन्धित सरकारी निकाय, विश्वविद्यालयहरू र अध्ययन तथा अनुसन्धान केन्द्रित संस्थाहरूको समेत उपस्थिति रहेको थियो ।

सम्मेलनमा रेडक्रस सोसाइटी अफ चाइनाका अध्यक्ष डा. चेन चु (Dr. Chen Chu) ले उपस्थित सबैलाई स्वागत गर्नु भएको थियो । उक्त सम्मेलनमा स्को विश्वविद्यालय, चीनको परराष्ट्र मन्त्रालय, आपत्कालीन व्यवस्थापन मन्त्रालय, रेडक्रसको अन्तर्राष्ट्रिय समिति, रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासंघलगायत चीनका अन्य सरकारी निकायका प्रतिनिधिहरूले प्रारम्भिक सत्रमा मन्तव्य राखेका थिए। सम्मेलनमा नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष प्रा. सुदर्शनप्रसाद नेपालले एक प्यानल छलफलको अध्यक्षता गर्नु भएको थियो । प्राध्यापक नेपालले "जलवायु परिवर्तनबाट विस्थापित तथा समुदायमा परेको प्रभाव" भन्ने मूल विषयवस्तुमा आधारित प्यानल छलफलको अध्यक्षता गर्नु भएको थियो। यस विषयमा पाँच भिन्न विद्वानहरूले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

स्को विश्वविद्यालय र रेडक्रस सोसाइटी अफ चाइनाले हरेक दुई वर्षमा स्को अन्तर्राष्ट्रिय सम्मेलन विश्वव्यापी जल्दाबल्दा विषयवस्तुमा आधारित भई सञ्चालन गर्दै आएको छ ।

# वेपत्तासम्बन्धी तेस्रो अन्तर्राष्ट्रिय सम्मेलन काठमाडौंमा सम्पन्न

काठमाडौं, मंसिर ७ गते । द्वन्द्वका क्रममा वेपत्ता भएका व्यक्तिका परिवारहरूसँगको तेस्रो अन्तर्राष्ट्रिय सम्मेलन काठमाडौंमा सम्पन्न भएको छ ।

रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आईसीआरसी) को आयोजनामा दुई दिनसम्म सञ्चालित सम्मेलनको नेपाल रेडक्रस सोसाइटीका महामन्त्री भूपतिलाल श्रेष्ठले एक कार्यक्रमका बीच शुभारम्भ गर्नुभएको छ ।

रेडक्रसको अन्तर्राष्ट्रिय समिति आईसीआरसीको मुख्य कार्यालय जेनेभाले विभिन्न ५० भन्दा बढी मुलुकका वेपत्ता व्यक्तिका परिवारहरू र रेडक्रस अभियानका प्रतिनिधि गरी ७ सयभन्दा बढी व्यक्तिहरूको सहभागितामा भर्चुअल र भौतिक



उपस्थितिमा यो कार्यक्रमको आयोजना गरेको हो ।

विगतको १० वर्षे द्वन्द्वको समयदेखि नै आईसीआरसीसँगको समन्वयमा वेपत्ता व्यक्तिका परिवारहरूको सहयोगमा नेपाल रेडक्रस सोसाइटीले पारिवारिक सम्पर्कको पुन:स्थापनालगायतका विभिन्न गतिविधिहरू गर्दै आएको महामन्त्री श्रेष्ठले बताउनुभयो ।

वेपत्ता व्यक्तिका परिवारको हितमा नेपाल रेडक्रस सोसाइटी र आईसीआरसीसँगको सहकार्य निरन्तर रहने नेपाल रेडक्रस सोसाइटी विपद् व्यवस्थापन विभागका निर्देशक सागर श्रेष्ठले बताउनुभयो ।

वेपत्ता व्यक्तिका परिवारहरूले वेपत्ता भएका आफन्तजनको अवस्था जान्न पाउने अधिकारको सुनिश्चितताको लागि आईसीआरसीले लामो समयदेखि काम गरिरहेको आईसीआरसीका नेपाल प्रमुख सन्देश श्रेष्ठले बताउनुभयो ।

वेपत्ता व्यक्तिका परिवारहरू, राष्ट्रिय सोसाइटी र आईसीआरसीको सहकार्यमा विगतका दिनदेखि भइरहेका कार्यहरू, आगामी दिनमा गर्नुपर्ने कार्यहरू र सम्बन्धित पक्षलाई दिनुपर्ने सुझाव तथा दवावका पक्षमा समेत छलफलका साथै अनुभवहरूको आदानप्रदान गर्ने उद्देश्यले सम्मेलनको आयोजना गरिएको थियो ।

# १९७ वटा धारा निर्माण गर्ने कार्य सम्पन्न

ओखलढुंगा जिल्लाको सिद्धिचरण नगरपालिका वडा नं. ५ स्थित धाराखोला र वर्नालु राईटोल खानेपानी आयोजनाको उद्घाटन एवं हस्तान्तरण कार्यक्रम सम्पन्न भएको छ ।

सिद्धिचरण नगरपालिकाका नगर प्रमुख तेजन खनालले एक कार्यक्रमका बीच खानेपानी आयोजनाको उद्घाटन तथा हस्तान्तरण गर्नुभएको थियो ।

दुई वटा आयोजनाले आयोजना क्षेत्र भित्रका १९२ घरमा एकघर एक धारा र सोही समुदायभित्र रहेका वडा कार्यालय, स्वास्थ्य चौकी, २ वटा आधारभूत विद्यालय र रेडक्रस उपशाखामा गरी ५ वटा सार्वजनिक भवनहरूमा गरी जम्मा १९७ वटा धारा निर्माण गर्ने कार्य सम्पन्न भएको छ ।




नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयको समन्वयमा रेडक्रसको अन्तर्राष्ट्रिय महासंघ र ब्रिटिश रेडक्रसको आर्थिक सहयोगमा नेपाल रेडक्रस सोसाइटी ओखलढुंगा जिल्ला शाखाद्वारा सञ्चालित दिगो तथा समावेशी खानेपानी, स्वच्छता तथा सरसफाई प्रवर्द्धन (WASH) परियोजना, सिद्धिचरण नगरपालिकाको सहलगानी र समुदायको जन श्रमदानमा खानेपानी योजना निर्माण कार्य सम्पन्न भएको हो ।

उद्घाटन तथा हस्तान्तरण कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीका केन्द्रीय सदस्य तथा सामुदायिक विकास समितिका संयोजक गुमानराज पुलामी, नेरेसो सामुदायिक विकास विभागका निर्देशक पुजा कोइराला, आईएफआरसी नेपालका कार्यक्रम व्यवस्थापक खेमराज नेपाललगायतको उपस्थिति रहेको थियो ।